# सहकारी शिक्षा तथा तालिम कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८२

बागमती प्रदेश सरकार

सहकारी तथा गरिबी निवारण मन्त्रालय

हेटौंडा

बागमती प्रदेश सरकार सहकारी तथा गरिबी निवारण मन्त्रालय हेटौंडा, नेपाल

# सहकारी शिक्षा तथा तालिम कार्यक्रम संचालन कार्यविधि, २०८२

**प्रस्तावनाः**

सहकारी संघसंस्थालाई सबल, सक्षम र सुशासनयुक्त बनाउने उद्देश्यले बागमती प्रदेश सरकार सहकारी तथा गरिबी निवारण मन्त्रालय र सोही मन्त्रालय अन्तर्गतको सहकारी तालिम केन्द्र भरतपुर, चितवनबाट सञ्चालन हुने सहकारी सम्बन्धी शिक्षा तथा तालिम कार्यक्रम प्रभावकारी रुपमा व्यवस्थापन, संचालन तथा कार्यान्वयन गर्न वान्छनीय भएकोले प्रदेश सहकारी ऐन, २०७६ को दफा १२८ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले देहायको कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "सहकारी शिक्षा तथा तालिम कार्यक्रम संचालन कार्यविधि, २०८२ रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

**२. परिभाषा** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "तालिम केन्द्र" भन्नाले सहकारी तालिम केन्द्र भरतपुर चितवनलाई सम्झनु पर्दछ ।

(ख) "समिति" भन्नाले दफा ९ बमोजिमको निर्देशक समितिलाई संझनु पर्दछ ।

(ग) "मन्त्रालय" भन्नाले सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्झनु पर्दछ ।

(घ) "सहकारी शिक्षा तथा तालिम कार्यक्रम" भन्नाले सहकारी तालिम केन्द्रले स्वीकृत वार्षिक कार्यक्रम अनुसार संचालन गर्ने सहकारी सम्वन्धी तालिम, अभिमुखीकरण लगायतका कार्यक्रमहरु संझनुपर्दछ ।

## परिच्छेद-२
## उद्धेश्य र तालिम सञ्चालन प्रकिया

**३. उद्देश्यः** यस कार्यविधि बमोजिम संचालन गरिने शिक्षा तथा तालिम कार्यक्रमको उद्देश्य निम्न बमोजिम हुनेछः

(क) सहकारी क्षेत्रमा आवद्ध जनशक्तिको क्षमता अभिवृद्धि गर्नु,

(ख) स्वीकृत वार्षिक कार्यक्रमको परिधी भित्र रही सहकारीको संस्थागत क्षमता अभिवृद्धि, विकास तथा प्रवर्धन गर्नु,

(ग) सहकारी व्यवसायीकताको विकास गर्नु,

(घ) सहकारी क्षेत्रको समग्र विकासमा टेवा पुऱ्याउनु ।

**४. शिक्षा तथा तालिमः** (१) तालिम केन्द्रले संचालन गर्ने शिक्षा, तालिम कार्यक्रमहरु, सहभागी संख्या, तालिमको विषयवस्तु, समयावधि लगायतका विषयहरु अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) शिक्षा र तालिम कार्यक्रम संचालन गर्ने निकायले आफ्नो वार्षिक वजेट तथा कार्यक्रम अनुसारका शिक्षा र तालिम कार्यक्रमको प्रकृति अनुसार कार्यक्रमको लागत, सहभागी, कार्यक्रम संचालन गर्ने

मा. बिन्दु रायमाझी (पौडेल)
मन्त्री

स्थान, कार्यक्रमको विषयवस्तु लगायतका प्रत्येक कार्यक्रमका लागिः अख्तियार प्राप्त अधिकारीबाट निर्णय गराई सोही बमोजिम कार्यक्रम संचालन गर्नुपर्नेछ ।

५ **लक्षित सहभागीः** बागमती प्रदेश भित्र पर्ने संघ कार्य क्षेत्र भएका, बागमती प्रदेश कार्यक्षेत्र भएका र स्थानिय निकाय कार्यक्षेत्र भएका सहकारी संघसंस्थाका कर्मचारी, संचालक समितिका पदाधिकारी एवं सहकारी संघसंस्थामा आवद्ध शेयर सदस्यहरु दफा ४ बमोजिमको शिक्षा र तालिम कार्यक्रममा सहभागी बन्न सक्नेछन्।

६. **सहभागी छनौट विधिः** (१) शिक्षा तथा तालिम कार्यक्रम संचालन गर्ने निकायबाट निधारित संख्यामा संघ, प्रदेश र स्थानिय स्तरका सहकारी संघ/संस्थाहरुलाई कार्यक्रममा सहभागी छनोट गरी पठाउन कार्यक्रम संचालन हुनु भन्दा कम्तिमा सात दिन अगाडी लेखी पठाउनु पर्नेछ र ती निकायहरुबाट छनौट भई आएका दफा ५ बमोजिमका व्यक्तिहरुलाई शिक्षा, तालिम कार्यक्रममा सहभागी गराईनेछ साथै कुनै इच्छुक सहकारी संघ संस्थाहरुले तालिमको आवश्यकता महसुस गरी तालिम माग गरेमा त्यस्ता सहकारी संघ संस्थाहरुबाट छनौट भई आएका व्यक्तिहरुलाई पनि शिक्षा तथा तालिम कार्यक्रममा सहभागी गराईनेछ।

(२) कार्यक्रममा सहभागी छनौट गर्दा भौगोलिक अवस्था, जनसंख्या एवं सहकारी संघसंस्थाको संख्या समेतको आधारमा समानुपातिक र समावेशी हुने गरी छनौट गर्नु पर्नेछ ।

(३) संघीय सरकार/प्रदेश सरकार स्थानीय तहबाट यस पूर्व उस्तै प्रकृतिका तालिम प्राप्त गरिसकेका प्रशिक्षार्थीहरुलाई तालिममा सहभागी गराईने छैन ।

७. **प्रशिक्षक/सहजकर्ता सम्वन्धी व्यवस्थाः** तालिम केन्द्रबाट संचालन गरिने सहकारी शिक्षा तथा तालिम कार्यक्रममा देहाय बमोजिम सहजकर्ता एवं स्रोत व्यक्तिहरु रहनेछन:-

(क) तालिम केन्द्रका प्राचार्य र प्रशिक्षकहरु

(ख) प्रशिक्षक प्रशिक्षण प्राप्त गरेका र सम्बन्धित विषयमा विज्ञता भएका मन्त्रालय, कार्यालयका अधिकृतस्तरको कर्मचारी तथा अन्यं सम्बन्धित विषयका विज्ञहरु ।

(ग) सहकारी संचालनमा लामो अनुभव भएका संचालकहरु, व्यवस्थापक सहकारी व्यवसायी तथा अभियान्ताहरु मध्यबाट तालिम केन्द्रमा सुचीकृत भएका व्यक्तिहरु मध्ये कम्तिमा स्नातक तह उत्तिर्ण गरेको।

८. **सहकारी सम्बन्धी तालिम कार्यक्रम संचालन हुने स्थानः** (१) तालिम केन्द्रले संचालन गर्ने शिक्षा, तालिम कार्यक्रम सामान्यतः तालिम केन्द्र रहेको स्थान भरतपुर चितवनमा रहनेछ । तर कार्यक्रम पहुँच, माग, सहभागीको संख्या, बजेटको अवस्था समेतलाई मध्यनजर गरी बागमती प्रदेश भरी जुनसुकै जिल्लामा स्थलगतरुपमा कार्यक्रम संचालन गर्न समेत सकिनेछ ।

(२) उपदफा (१) बमोजिम तालिम संचालन हुने स्थान र समयको बारेमा तालिम संचालन अगाडी नै मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ ।

बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
हेटौंडा, नेपाल

मा. बिनु रायमाझी (पौडेल)
मन्त्री

## परिच्छेद-३
## संरचनात्मक व्यवस्था

**९. निर्देशक समितिः** (१) सहकारी शिक्षा र तालिम कार्यक्रमलाई समग्र मार्गदर्शन प्रदान गर्नका लागि देहायबमोजिमको निर्देशक समिति रहनेछः

| | | |
|---|---|---|
| (क) | सचिव सहकारी हर्ने मन्त्रालय | अध्यक्ष |
| (ख) | योजना हेर्ने प्रमुख | सदस्य |
| (ग) | सहकारी हेर्ने महाशाखा प्रमुख/रजिष्टार | सदस्य |
| (घ) | प्रदेशस्तरीय सहकारी सङ्घको प्रतिनिधि | सदस्य |
| (ङ) | सहकारी तालिम केन्द्रको प्रमुख | सदस्य सचिव |

**१०. निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) सहकारी शिक्षा र तालिम कार्यक्रम सम्बन्धी नीति तर्जुमा गर्ने

(ख) तालिम केन्द्रलाई आवश्यक निर्देशन र सहजीकरण गर्ने,

(ग) आवश्यकता अनुसार सहकारी सम्बद्ध निकायहरुसँग समन्वय र सहकार्य गर्ने,

(घ) आवश्कयताअनुसार सहकारी शिक्षा तथा तालिमको पाठ्यक्रम स्वीकृत गर्ने

(ङ) तालिम कार्यक्रमको अनुगमन गरी मार्गदर्शन प्रदान गर्ने ।

(२) समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेद-४
## विविध

**११. शिक्षा तथा तालिम कार्यक्रम संचालन खर्च र पारिश्रमिकः** शिक्षा, तालिम कार्यक्रम संचालन गर्दा लाग्ने खर्च तथा पारिश्रमिक कार्यक्रमको लागि स्वीकृत बजेटको परिधि भित्र रही प्रदेश सरकारबाट स्वीकृत खर्च मापदण्ड अनुसार हुनेछ ।

**१२. सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कनः** शिक्षा तथा तालिम कार्यक्रमको सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन मन्त्रालयले गर्नेछ ।

**१३. शिक्षा तथा तालिम कार्यक्रमको आवश्यकता पहिचान तथा प्रभावकारीता अध्ययनः** तालिम केन्द्रले समय समयमा तालिम आवश्यकताको पहिचान गर्ने तथा पहिले संचालन गरेका कार्यक्रमहरुको प्रभावकारीता अध्ययन गरी सोही बमोजिम आगामी दिनमा संचालन गरिने तालिम कार्यक्रमहरु पहिचान गरी स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

**१४. प्रतिवेदन पेश गर्नुपर्नेः** शिक्षा, तालिम कार्यक्रम सम्पन्न भएपछि कार्यक्रम संचालन गर्ने निकायले कार्यक्रम संचालन अवधि, स्थान, विषयवस्तु, सहभागी र सहजकर्ता विवरण, सिकाई उपलब्धी सहितको विवरण खोली प्रतिवेदन पेश गर्न सक्नेछ ।

बागमती प्रदेश सरकार
सहकारी तथा गरीवी निवारण मन्त्रालय
हेटौंडा, नेपाल

मा. बिनु रायमाझी (पौडेल)
मन्त्री

१५. **विशेषज्ञ उपलब्ध गराउन सकिनेः** प्रदेश सहकारी संघ, जिल्ला संघहरु तथा विषयगत संघहरु स्थानीय तहहरु वा विशिष्टीकृत संघहरुले तालिम, छलफल, गोष्ठी संचालन गरी विशेषज्ञ माग गरेमा तालिम केन्द्रले उपलब्ध गराउन सक्नेछ ।

१६. **सहकारी सम्बन्धी सामाग्री प्रकाशन र प्रवोधिकरणः** तालिम केन्द्रले आफ्नो वार्षिक कार्यक्रम अनुसार सहकारी अभियानको प्रवर्धन तथा सहकारी संघसंस्थामा शिक्षा तथा जागरण पुर्याउने गरी अध्ययन सामाग्री तयार गरी सहकारी शिक्षा तथा तालिम कार्यक्रमहरुमा प्रवोधिकरण गर्न सक्नेछ ।

१७. **कार्यविधि बमोजिम हुनेः** तालिमको पाठ्यक्रम, पाठयोजना र प्रशिक्षण सम्बन्धमा यस कार्यविधिमा भएका व्यवस्थाहरु यसै कार्यविधि बमोजिम र अन्य विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१८. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आर्थिक दायित्व पर्ने विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतीमा र अन्य विषयमा मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**मा. बिनु रायमाझी (पौडेल)**
**मन्त्री**

बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची-१
## तालिमको विषय क्षेत्र र पाठ्यक्रम
(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

### क) आधारभूत सहकारी लेखापालन तालिम

(क) समयावधिः ६ दिन

(ख) सत्र संख्याः २४ वटा

(ग) प्रतिकक्षा समयः ९० मिनेट

(घ) सहभागीको सङ्ख्याः २० देखि ३० जना ।

(ङ) तालिमको उद्धेश्यः

१. सहकारीको मान्यता बमोजिको लेखा प्रणालीको कार्यान्वयन र अभिलेखिकरण गर्नु ।

२. सहकारी सम्बन्धी विभिन्न वित्तीय प्रतिवेदनहरु तयार गर्नु

३. संस्थाका वित्तीय प्रतिवेदनहरु जाँच तथा बिश्लेषण गर्नु ।

(च) विषयवस्तु ( **Course Contents** )

| विषयवस्तु | सत्र संख्या |
|---|---|
| १. लेखाको सिद्वान्त अवधारणा र महत्व | २४ |
| २. लेखामा प्रयोग हुने शब्दावली | |
| ३. लेखाङ्कन नियम र समीकरण | |
| ४. सहकारीका मुख्य खाता तथा सहायक खाताहरुको परिचय | |
| ५. गोश्वारा भौचर परिचय र अभ्यास | |
| ६. सहकारी हिसाव संकेत नम्बर | |
| ७. गोधारा भौचर तयारी | |
| ८. खातामा प्रविष्टी | |
| ९. हिसाव परीक्षा सूचीको परिचय र अभ्यास | |
| १०. मिलाउनु पर्ने प्रविष्टी परिचय र अभ्यास | |
| ११. खाताबन्दी | |
| १२. आय विवरण | |
| १३. बचत बितरण | |
| १४. कोषको परिचय र कोष बिवरण | |
| १५. स्थिति विवरण पत्र वासलात | |
| १६. हास कट्टी विधि | |
| १७. सहकारीमा लेखा परिक्षण प्रकृया | |
| १८. व्याज गणना विधि | |
| १९. नगद प्रवाह विवरण परिचय र अभ्यास | |
| २०. समय सान्दर्भिक अन्य विषयवस्तुहरु/स्थलगत भम्रण | |

मा. बिनु रायमाझी (पौडेल)
मन्त्री

(छ) तालिम सहजीकरण प्रक्रिया

तालिम सहजीकरण प्रवचन, प्रश्नोत्तर, छलफल, पर्दशन, समूह कार्य र प्रस्तुति,परियोजना कार्य, मामला अध्ययन र अभ्यास लगायतका विधिहरु अवलम्वन गरि सहजीरकण गरिनेछ ।

(ज) तालिमको मूल्याङ्कन प्रक्रिया

यस तालिममा सहभागीहरूको मूल्याङ्कन तालिमका क्रममा सहभागीले प्रदर्शन गरेको नियमितता, सान्दर्भिक जागरुकता,निर्वाह गरेको भूमिका र सक्रियताका आधारमा गरिने छ। छलफल,अभ्यास र प्रस्तुतिका साथै पूर्व तथा पश्च परीक्षण पनि मूल्याङ्कनका आधार हुने छन् ।तालिम सञ्चालनको क्रममा सहभागीहरुको मूल्याङ्कन सहभागीको नियमितता, सहभागिता, सक्रियता र सिर्जनात्मकताका आधारमा गरिनेछ। तालिमका सहभागीहरुलाई प्रमाण पत्र उपलब्ध गराइनेछ।

ख) आधारभूत सहकारी व्यवस्थापन तालिम

(क) समयावधिः ६ दिन

(ख) कक्षा संख्याः २४ वटा

(ग) प्रति कक्षा समयः ९० मिनेट

(घ) सहभागीको सङ्ख्याः २० देखि ३० जना ।

(ङ) तालिमको उद्धेश्यः

१. सहकारीका मूल्य, मान्यता, सिद्धान्त र कानूनी प्रावधान अनुरुप संस्था सञ्चालन गर्न ।

२. सहकारी संस्था सञ्चालन तथा व्यवस्थापनका आधारभूत पक्षहरुको बारेमा जानकारी गराउने ।

३. सहकारीमा सम्पत्ति शुद्धिकरण निवारण, स्रोत परिचालन तथा कोष व्यवस्थापन लगायत समसामयिक विषयमा जानकारी दिने ।

(च) विषयवस्तु (Course Contents)

| विषयवस्तु | सत्र संख्या |
|---|---|
| १. सहकारीको अवधारणा र महत्त्व | |
| २. सहकारीका मूल्य मान्यताहरु | |
| ३. सहकारी सिद्धान्तहरु | |
| ४. सहकारी अनुगमन सम्बन्धी विद्यमान व्यवस्था | |
| ५. प्रदेश सहकारी ऐन, २०७६ र नियमावली, २०७६ | |
| ६. सहकारी व्यवसाय र अन्य व्यवसायमा फरक | |
| ७. सहकारीमा व्यवसायीकता विकास | |
| ८. सञ्चालक व्यवस्थापकलाई चाहिने दक्षता | |
| ९. सहकारीमा सदस्य केन्द्रीयता सूचकाङ्क अभ्यास समेत | |
| १०. सहकारीमा अभिलेख व्यवस्थापन | |
| ११. सहकारीमा कर्मचारी व्यवस्थापन | २४ |
| १२. सहकारीमा सूचना व्यवस्थापन | |
| १३. सहकारीमा सुशासन | |

मा. [illegible] रायमाझी (पौडेल)
मन्त्री

| | |
|---|---|
| १४. सहकारीमा सदस्यको भूमिका | |
| १५. सहकारीमा पत्रलेखन | |
| १६. सूचनाको हक | |
| १७. सहकारीमा दिगो विकासको आन्तरिकिकरण | |
| १८. सहकारीमा कोष व्यवस्थापन | |
| १९. साधारण सभा र सभाले गर्ने निर्णय | |
| २०. साधारण सभाको निर्णय प्रमाणीकरण र प्रकृया | |
| २१. विनियम संसोधन, तिनमहले र स्वीकृत प्रकृया | |
| २२. संघ/सहकारी अद्यावधिक र आवश्यक प्रकृया | |
| २३. सहकारी एकीकरण तथा आवश्यक प्रकृया | |
| २४. सहकारीलाई दिने सिफारिस र आधारहरु | |
| २५. सहकारी सूचना र copomis प्रणाली, | |
| २६. सहकारी बचत फिर्ता सम्बन्धमा कारवाही सम्बन्धमा | |
| २७. मन्त्रालयबाट पाउने राजस्व दस्तुर छुट/सिफारिस | |
| २८. अन्य समसामयिक विषयवस्तु | |

(छ) तालिम सहजीकरण प्रक्रिया

तालिम सहजीकरण प्रवचन, प्रश्नोत्तर, छलफल, पर्दशन, समूह कार्य र प्रस्तुति,परियोजना कार्य, मामला अध्ययन र अभ्यास लगायतका विधिहरु अवलम्वन गरि सहजीरकण गरिनेछ ।

(ज) तालिमको मूल्याङ्कन प्रक्रिया

यस तालिममा सहभागीहरूको मूल्याङ्कन तालिमका क्रममा सहभागीले प्रदर्शन गरेको नियमितता, सान्दर्भिक जागरुकता, निर्वाह गरेको भूमिका र सक्रियताका आधारमा गरिने छ। छलफल, अभ्यास र प्रस्तुतिका साथै पूर्व तथा पश्च परीक्षण पनि मूल्याङ्कनका आधार हुने छन् । तालिम सञ्चालनको क्रममा सहभागीहरुको मूल्याङ्कन सहभागीको नियमितता, सहभागिता, सक्रियता र सिर्जनात्मकताका आधारमा गरिनेछ। तालिमका सहभागीहरुलाई प्रमाण पत्र उपलब्ध गराइनेछ।

ग) पर्ल्स अनुगमन प्रणाली तालिम

(क) समयावधिः ३ दिन

(ख) कक्षा संख्याः १२ वटा

(ग) प्रतिकक्षासमयः ९० मिनेट

(घ) सहभागीको सङ्ख्याः २० देखि ३० जना ।

(ङ) तालिमको उद्धेश्यः

१. सहकारी संस्थाको लेखाका बिभिन्न सूचकहरुको बिश्लेषण गर्न ।

२. सहकारी संस्थाको पर्ल्स अनुगमन प्रणाली अनुसार वित्तीय बिवरणहरुको विश्लेषण गर्न ।

बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
हेटौंडा, नेपाल

मा. बिनु राजमाझी (पौडेल)
मन्त्री

(च) विषयवस्तु (Course Contents)

| विषयवस्तु | कक्षासंख्या |
|---|---|
| १. पर्ल्स अवधारणा, परिचय, महत्व। | १२ |
| २. PEARLS ANALYSIS का प्रमुख सूचकहरुको परिचय। | |
| ३. PEARLS ANALYSIS का लागि आवश्यक वित्तीय बिबरणहरु। | |
| ४. PEARLS ANALYSIS का सूचकहरुको विश्लेशण विधि तथा अभ्यास | |
| P= Protection [P1, P2, P2x, P3, P4, P5, P6] | |
| E = Effective financial structure [E1, E2, E3, E4, E5, E6, E7, E8, E9] | |
| A = Asset quality [A1, A2, A3] | |
| R = Rate of Return and Cost [R1, R2, R3, R4, R5, R6, R7, R8, R9, R10, R11, R12] | |
| L = Liquidity [L1, L2, L3, L4] | |
| S = Sign of growth [S1, S2, S3, S4, S5, S6, S7, S8, S9, S10, S11, S12] | |

(छ) तालिम सहजीकरण प्रक्रिया

तालिम सहजीकरण प्रवचन, प्रश्नोत्तर, छलफल, पर्दशन, समूह कार्य र प्रस्तुति,परियोजना कार्य, मामला अध्ययन र अभ्यास लगायतका विधिहरु अवलम्वन गरि सहजीरकण गरिनेछ ।

(ज) तालिमको मूल्याङ्कन प्रक्रिया

यस तालिममा सहभागी शिक्षकहरूको मूल्याङ्कन तालिमका क्रममा सहभागीले प्रदर्शन गरेको नियमितता, सान्दर्भिक जागरुकता,निर्वाह गरेको भूमिका र सक्रियताका आधारमा गरिने छ। छलफल,अभ्यास र प्रस्तुतिका साथै पूर्व तथा पश्च परीक्षण पनि मूल्याङ्कनका आधार हुने छन् ।तालिम सञ्चालनको क्रममा सहभागीहरुको मूल्याङ्कन सहभागीको नियमितता, सहभागिता, सक्रियता र सिर्जनात्मकताका आधारमा गरिनेछ। तालिमका सहभागीहरुलाई प्रमाण पत्र उपलब्ध गराइनेछ।

घ) सिप विकास तथा व्यवसाय प्रवर्द्धन

(क) समयावधिः ३ दिन

(ख) कक्षा संख्याः १२ वटा

(ग) प्रतिकक्षासमयः ९० मिनेट

(घ) सहभागीको सङ्ख्याः २० देखि ३० जना ।

(ङ) तालिमको उद्धेश्यः

१. व्यवसाय प्रवर्द्धन गर्ने।

२. स्वरोजार हुने ।

३. आम्दानी वृद्धि गरी जीवनस्तर सुधार गर्ने।

बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
हेटौंडा, नेपाल

(च) विषयवस्तु (Course Contents)

| विषयवस्तु | कक्षासंख्या |
|---|---|
| १. बागवानी सम्वन्धी तालिम। | १२/१२ |
| २. मौरी पालन सम्बन्धी तालिम। | |

ना. बिनु रायमाझी (पौडेल)

| | |
|---|---|
| ३. पशुपंक्षी पालन सम्बन्धी तालिम। | |
| ४. कृषि/वन सम्बन्धी तालिम। | |
| ५. माछा पालन सम्बन्धी तालिम। | |
| ६. माग बमोजिम समसामयिक सीपमुलक तालिम। | |

नोटः हरेक तालिमको कक्षासंख्या १२ हुनेछ।

(छ) तालिम सहजीकरण प्रक्रिया

तालिम सहजीकरण प्रवचन, प्रश्नोत्तर, छलफल, पर्दशन, समूह कार्य र प्रस्तुति,परियोजना कार्य, मामला अध्ययन र अभ्यास लगायतका विधिहरु अवलम्वन गरि सहजीरकण गरिनेछ ।

(ज) तालिमको मूल्याङ्कन प्रक्रिया

यस तालिममा सहभागी शिक्षकहरूको मूल्याङ्कन तालिमका क्रममा सहभागीले प्रदर्शन गरेको नियमितता, सान्दर्भिक जागरुकता,निर्वाह गरेको भूमिका र सक्रियताका आधारमा गरिने छ। छलफल,अभ्यास र प्रस्तुतिका साथै पूर्व तथा पश्च परीक्षण पनि मूल्याङ्कनका आधार हुने छन् ।तालिम सञ्चालनको क्रममा सहभागीहरुको मूल्याङ्कन सहभागीको नियमितता, सहभागिता, सक्रियता र सिर्जनात्मकताका आधारमा गरिनेछ। तालिमका सहभागीहरुलाई प्रमाण पत्र उपलब्ध गराइनेछ।

ङ) विद्यालयस्तरीय आधारभूत सहकारी शिक्षा

(क) समयावधिः १ दिन

(ख) कक्षा संख्याः ४ वटा

(ग) प्रतिकक्षासमयः ९० मिनेट

(घ) सहभागीको सङ्ख्याः २० देखि ३० जना ।

(ङ) तालिमको उद्धेश्यः

१. कक्षा ९ र १० मा अध्ययनरत बालबालिकाहरु सहकारी सम्बन्धी आधारभूत ज्ञान प्राप्त गर्ने छन्।

बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
हेटौंडा, नेपाल

(च) विषयवस्तु (Course Contents)

| विषयवस्तु | कक्षासंख्या |
|---|---|
| १. सहकारीको अवधारणा र ऐतिहासिक पृष्ठभूमी | ४ |
| २. सहकारीको मूल्य र मान्यता र सिद्धान्तहरु | |
| ३.सहकारी सम्बन्धी विद्यमान अवस्थाः सवल र सुधार गर्नुपर्ने पक्षहरु | |
| ४. सहकारी दर्ता र नियमन प्रक्रिया र विविध पक्ष | |

(छ) तालिम सहजीकरण प्रक्रिया

तालिम सहजीकरण प्रवचन, प्रश्नोत्तर, छलफल, पर्दशन, समूह कार्य र प्रस्तुति,परियोजना कार्य, मामला अध्ययन र अभ्यास लगायतका विधिहरु अवलम्वन गरि सहजीरकण गरिनेछ ।

(ज) तालिमको मूल्याङ्कन प्रक्रिया

मा. बिनु रायमाझी (पौडेल)
मन्त्री

यस तालिममा सहभागीहरूको मूल्याङ्कन तालिमका क्रममा सहभागीले प्रदर्शन गरेको नियमितता, सान्दर्भिक जागरुकता, निर्वाह गरेको भूमिका र सक्रियताका आधारमा गरिने छ। छलफल, अभ्यास र प्रस्तुतिका साथै पूर्व तथा पश्च परीक्षण पनि मूल्याङ्कनका आधार हुने छन् ।तालिम सञ्चालनको क्रममा सहभागीहरुको मूल्याङ्कन सहभागीको नियमितता, सहभागिता, सक्रियता र सिर्जनात्मकताका आधारमा गरिनेछ। तालिमका सहभागीहरुलाई प्रमाण पत्र उपलब्ध गराइनेछ

## च) वित्तिय साक्षरता सम्बन्धी अभिमुखिकरण

(क) समयावधिः १ दिन

(ख) कक्षा संख्याः ४ वटा

(ग) प्रतिकक्षासमयः ९० मिनेट

(घ) सहभागीको सङ्ख्याः २० देखि ३० जना ।

(ङ) तालिमको उद्धेश्यः

१. आम्दानी र खर्चको विश्लेशण गर्ने ज्ञान प्राप्त गर्ने छन्।
२. ऋण, लगानी, विप्रेषण, विमा बारेमा जानकारी प्राप्त गर्ने छन्।
३. पारिवारिक बजेट निर्माण गर्न।
४. वित्तिय लक्ष्य निर्धारण तथा बचत योजना तयार गर्न।

(च) विषयवस्तु (Course Contents)

| विषयवस्तु | कक्षासंख्या |
|---|---|
| १. वित्तीय साक्षरताको परिचय, अर्थ परिभाषा | |
| २. वित्तीय लक्ष्य निर्धारण, बचत योजना र बचत गर्ने उपायहरु | |
| ३. पारिवारीक बजेट निर्माण र अभ्यास | ४ |
| ४. ऋण, बिमा र विप्रेषण<br>५. अन्य समसामयिक विषयवस्तुहरु | |

(च) तालिम सहजीकरण प्रक्रिया

तालिम सहजीकरण प्रवचन, प्रश्नोत्तर, छलफल, पर्दशन, समूह कार्य र प्रस्तुति,परियोजना कार्य, मामला अध्ययन र अभ्यास लगायतका विधिहरु अवलम्वन गरि सहजीरकण गरिनेछ ।

## (ज) तालिमको मूल्याङ्कन प्रक्रिया

यस तालिममा सहभागीहरूको मूल्याङ्कन तालिमका क्रममा सहभागीले प्रदर्शन गरेको नियमितता, सान्दर्भिक जागरुकता, निर्वाह गरेको भूमिका र सक्रियताका आधारमा गरिने छ। छलफल, अभ्यास र प्रस्तुतिका साथै पूर्व तथा पश्च परीक्षण पनि मूल्याङ्कनका आधार हुने छन् ।तालिम सञ्चालनको क्रममा सहभागीहरुको मूल्याङ्कन सहभागीको नियमितता, सहभागिता, सक्रियता र सिर्जनात्मकताका आधारमा गरिनेछ। तालिमका सहभागीहरुलाई प्रमाण पत्र उपलब्ध गराइनेछ।

मा. बिनु रायमाझी (पौडेल)

बागमती प्रदेश
सहकारी तथा गरिबी नि...
हेटौडा, नेपाल

छ) नेतृत्व विकास र क्षमता अभिवृद्धि

(क) समयावधिः ३ दिन

(ख) कक्षा संख्याः १२ वटा

(ग) प्रतिकक्षासमयः ९० मिनेट

(घ) सहभागीको सङ्ख्याः २० देखि ३० जना ।

(ङ) तालिमको उद्धेश्यः

१. अन्तर्निहित क्षमताको पहिचान

२. क्षमता सदुपयोगमा अवसरको खोजि र प्रयोग।

३. सहकारीमा नेतृत्वको विकास गर्ने।

(च) तालिमको विषयवस्तु

बिषयबस्तु (Course Contents)

| विषयवस्तु | कक्षासंख्या |
|---|---|
| १. नेतृत्वको परिचय र महत्व | १२ |
| २. क्षमता विकासको परिचय | |
| ३. नेतृत्वका सिद्धान्तहरु | |
| ४. नेतृत्वका शैलि तथा गुणहरु | |
| ५. क्षमता विकासमा अवसरको खोजि र सदुपयोग | |
| ६. समय व्यवस्थापन तथा विषयको ज्ञान | |
| ७. सहकारीमा नेतृत्वको भूमिका | |
| ८. उद्घोषण/भाषण/समारोह व्यवस्थापन | |
| ९. अभ्यास | |
| १०. समय सान्दर्भिक अन्य विषयवस्तुहरु | |

(छ) तालिम सहजीकरण प्रक्रिया

तालिम सहजीकरण प्रवचन, प्रश्नोत्तर, छलफल, पर्दशन, समूह कार्य र प्रस्तुति, परियोजना कार्य, मामला अध्ययन र अभ्यास लगायतका विधिहरु अवलम्वन गरि सहजीरकण गरिनेछ ।

(ज) तालिमको मूल्याङ्कन प्रक्रिया

यस तालिममा सहभागीहरूको मूल्याङ्कन तालिमका क्रममा सहभागीले प्रदर्शन गरेको नियमितता, सान्दर्भिक जागरुकता, निर्वाह गरेको भूमिका र सक्रियताका आधारमा गरिने छ। छलफल, अभ्यास र प्रस्तुतिका साथै पूर्व तथा पश्च परीक्षण पनि मूल्याङ्कनका आधार हुने छन् ।तालिम सञ्चालनको क्रममा सहभागीहरुको मूल्याङ्कन सहभागीको नियमितता, सहभागिता, सक्रियता र सिर्जनात्मकताका आधारमा गरिनेछ। तालिमका सहभागीहरुलाई प्रमाण पत्र उपलब्ध गराइनेछ।



ना. बिनु रायमाझी (पौडेल)
मन्त्री

बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
हेटौंडा, नेपाल